सम्बत् २०७५ साल कार्तिक २५ गते आइतबारका दिन १७:०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ —

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - World Association of Community Radio Broadcasters, Asia Pacific Regional office ले इन्डोनेसियाको जकार्तामा आयोजना गर्ने एसिया प्यासिफिक क्षेत्रीय सम्मेलनमा योजना आयोगका माननीय सदस्य मीनबहादुर शाहीलाई सहभागी हुन स्वीकृति दिने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव फिर्ता गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको द्रुततर निर्माण तथा विकास सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सचिव श्री कृष्ण प्रसाद देवकोटाको घर विदा स्वीकृत गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सम्पत्ति शुद्धीकरण निवारण विषयको वित्तीय संस्था तथा गैर वित्तीय व्यवसाय तथा पेशाकर्मीको क्षेत्रमा नियमनकारी निकाय तोक्ने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय —
नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ को उपदफा (१) बमोजिम देहायका घर/जग्गाहरू नेपाल ट्रष्टको नाममा कायम गर्ने -

क. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ कमलादी स्थित कित्ता नं. ३२८० क्षेत्रफल ०-१४-०-० रोपनी जग्गा/घर,

ख. काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं ४ स्थित गोकर्ण राज निकुञ्ज वन कम्पाउण्ड भन्दा बाहिर कित्ता नं. १२ क्षेत्रफल २९-१२-०-3 रोपनी जग्गा र कित्ता नं. १३ क्षेत्रफल ४०-१३-१-० रोपनी जग्गा गरी जम्मा क्षेत्रफल ७०-९-१-३ रोपनी जग्गा,

ग. भक्तपुर जिल्ला मध्यपुर ठिमी साविक निलबाराही वोडे वडा नं ९ स्थित कित्ता नं. २४ क्षेत्रफल ०-३-०-० रोपनी जग्गा

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – कर्णाली प्रदेशका माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला के.सी.को चीन भ्रमण समर्थन गर्ने ।

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङको काजकिस्तान भ्रमण समर्थन गर्ने ।

८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको विषयको संशोधन र एकीकरण गर्न बनेको विधेयक मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सचिव श्री राजन खनालको घर विदा स्वीकृत गर्ने ।

११. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सम्माननीय प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकारमा डा. राजन भट्टराईलाई नियुक्त गर्ने ।

१२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - गरिबी निवारण कोषको पुनर्संरचनाका लागि कार्ययोजना स्वीकृत गर्ने ।

१३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सार्वजनिक निजी साझेदारी तथा लगानी ऐनको तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

१४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सचिव श्री बैकुण्ठ अर्यालको बैदेशिक भ्रमण विषयको प्रस्ताव फिर्ता गर्ने ।

१५. अर्थ मन्त्रालय- मिति २०७५ मङ्गसिर ११ (तदनुसार २७ नोभेम्बर २०१८) मा ईटालीको रोममा आयोजना हुने विश्व खाद्य कार्यक्रमको कार्यकारी बोर्डमा सहभागिताका लागि नेपालका तर्फबाट माननीय अर्थ मन्त्री श्री युवराज खतिवडाको भ्रमण स्वीकृत गर्ने ।

१६. अर्थ मन्त्रालय- एशियाली विकास बैंकबाट नेपालको पूर्व पश्चिम सडक राजमार्ग (कमला-कन्चनपुर खण्ड) सुधारको लागि ऋण सहायता स्वीकार गर्ने ।

१७. अर्थ मन्त्रालय-एशियाली विकास बैंक बाट Disaster Resilience of Schools Project का लागि प्राप्त हुने सहायता स्वीकार गर्ने ।

१८. अर्थ मन्त्रालय-विश्व बैङ्कबाट निजी क्षेत्रको नेतृत्वमा मिनी ग्रिड उर्जा पँहुच परियोजना) Private Sector led Mini Grid Energy Access Project) को लागी प्रदान गर्ने ऋण तथा अनुदान सहायता स्वीकार गर्ने विषयमा सहसचिव (अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय) को संयोजकत्वमा वार्ता टोली गठन गर्ने र वार्ता गर्ने अख्तियारी दिने ।

१९. अर्थ मन्त्रालय – नागरिक लगानी कोषको कार्यकारी निर्देशक पदमा श्री रमण नेपाल, मोरङ्ग, हाल काठमाडौंलाई ५(पाँच) वर्षका लागि नियुक्त गर्ने ।

२०. अर्थ मन्त्रालय -राजस्व न्यायाधिकरण सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२१. अर्थ मन्त्रालय – खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि परियोजनाले विश्व बैङ्क मार्फत उपलब्ध गराउने अनुदान सहायता स्वीकार गर्ने ।

२२. अर्थ मन्त्रालय – विश्व बैंकबाट नेपालको रणनीतिक सडक संजालमा पर्ने पुलहरूको सुधार तथा मर्मतका लागि ऋण सहायता स्वीकार गर्ने ।

२३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- नेपाल एक्रिडिटेशन विधेयक, २०७५ को तर्जुमा गर्न सैद्दान्तिक प्रदान गर्ने ।

२४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -नेपाल-संयुक्त राज्य अमेरिकाबीच व्यापार तथा लगानी संरचना सम्झौता परिषद् (TIFA Council) को चौथो बैठकमा भाग लिन सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति को नेतृत्वमा ५ सदस्यीय प्रतिनिधीमण्डल गठन गर्ने ।

२५. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय- आ. व. ०७५।७६ मा विकास आयोजना/कार्यक्रमको लागि विभिन्न श्रेणीका ७३ राजपत्राङ्कित पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

२६. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय -बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइको कार्यावधि थप गर्ने ।

२७. कानून,न्याय तथा ससदीय मामिला मन्त्रालयका – सचिव श्री राजीव गौतमको जर्जीया भ्रमण स्वीकृत गर्ने ।

२८. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत संचालित परियोजना/आयोजना/कार्यक्रमहरुको चालु आर्थिक वर्ष २०७५।०७६ का लागि २५१ (दुई सय एकाउन्न) राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

२९. खानेपानी मन्त्रालय-चीनको बेइजिङमा हुने कार्यक्रममा सहभागी हुन मा. मन्त्रीलाई स्वीकृति दिने विषयको प्रस्ताव फिर्ता गर्ने ।

३०. गृह मन्त्रालय– मिति २०७५।०८।०२ देखी २०७५।०८।०५ गते (तदनुसार १८-२१ नोभेम्बर, २०१८) सम्म Dubai, United Arab Emirates मा आयोजना हुने ईन्टरपोलको ८७ औं महासभामा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, प्रहरी नायव महानिरीक्षक पिताम्बर अधिकारी र प्रहरी उपरीक्षक उमेश राज जोशीलाई सहभागी हुन स्वीकृति दिने ।

३१. गृह मन्त्रालय-प्रहरी नायव महानिरीक्षक डा.दुर्गा थापालाई प्रहरी सेवाको प्राविधिक प्रहरी समूह अन्तर्गत स्वास्थ्य उप समूह तर्फको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने ।

३२. गृह मन्त्रालय- सर्लाही घटनामा मृत्यु भएका राम विलाश महतोको परिवारलाई राहतस्वरुप रु दश (१०) लाख उपलब्ध गराउने ।

३३. गृह मन्त्रालय -राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणको विषयको व्यवस्था गर्न बनेको विधेयकलाई संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

३४. परराष्ट्र मन्त्रालय- बिमस्टेकको वरिष्ठ पदाधिकारीहरूको विशेष बैठकका लागि गठित नेपाली प्रतिनिधिमण्डलको गठन अनुमोदन गर्ने ।

३५. परराष्ट्र मन्त्रालय -माननीय परराष्ट्रमन्त्रीको नेतृत्वमा हुने जापानको औपचारिक भ्रमण तथा थाइल्याण्ड भ्रमण स्वीकृत गर्ने ।

३६. परराष्ट्र मन्त्रालय-

१. पुर्वमन्त्री तथा पूर्वराजदुत श्री निलाम्बर आचार्यलाई गणतन्त्र भारतका लागि नेपालको आवासिय राजदुत र अफगानिस्तान र भुटानका लागि गैरआवासी नेपाली राजदुत पदमा नियुक्तिको लागि सिफारिश गर्ने।

२. पुर्वराजदुत श्री उदयराज पाण्डेलाई मलेसियाका लागि नेपालको आवासीय राजदुत पदमा र ईण्डोनेसिया र ब्रुनाई दारुसलामका लागि गैरआवासिय नेपाली राजदुत पदमा र परराष्ट्र मन्त्रालयका सह-सचिव श्री कृष्णप्रसाद ढकाललाई संयुक्त अरब ईमिरेट्सको लागि नेपालको आवासीय राजदुत पदमा नियुक्तिको लागि सिफारिश गर्ने ।

३. जेनेभास्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको आवासिय प्रतिनिधी/राजदुत तथा स्विटजरल्याण्डका लागि आवासिय नेपाली राजदुत श्री दिपक धितालको कार्यावधि २०७५/११/१६ सम्म थप गर्ने।

४. दक्षिण अफ्रिकाका लागि नेपाली राजदुत श्री अमृतबहादुर राईलाई तीन हप्ताको तयारी म्याद दिई मन्त्रालयमा सरुवा गर्ने ।

५. इजरायलका लागि नेपालको आवासीय राजदूत तथा साइप्रसका लागि गैरआवासीय राजदूत श्री निरञ्जनकुमार थापालाई तीन हप्ताको तयारी म्याद दिई फिर्ता बोलाउने । यसरी रिक्त हुने इजरायलका

लागि नेपालको आवासीय राजदूत तथा साइप्रसका लागि गैरआवासीय राजदूत पदमा डा. अञ्जान शाक्य, काठमाडौंलाई नियुक्तिका लागि सिफारिस गर्ने।

३७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग र रेल विभाग अन्तर्गत सञ्चालन हुने संलग्न अनुसूची बमोजिम विभिन्न आयोजना/योजनाहरुको निमित्त आवश्यक पर्ने आर्थिक वर्ष २०७५।७६ को लागि २०७५।०४।०१ देखि २०७६ आषाढ मसान्त सम्म राजपत्राङ्कित अधिकृतस्तरका ३७१ (तीन सय एकहत्तर) अस्थायी दरबन्दी सिर्जना गर्ने ।

३८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय- आ.व. २०७५/०७६ को लागि बाल सुधार गृहहरु रुपन्देही, मकवानपुर, डोटी र पर्साको लागि रा.प.तृ. (प्रशासन) शा.अ. पद -१/१ र केन्द्रीय बालकल्याण समिति तर्फ कार्यक्रम अधिकृत -१ एवं बाल संरक्षण अधिकृत १ गरी रा.प.तृ. (प्रशासन) शाखा अधिकृत पद ६(छ) अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

३९. युवा तथा खेलकुद मन्त्रालय- राष्ट्रिय खेलकुद परिषद्को सदस्यमा खेलकुद विकास ऐन, २०४८ को दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम (१) पिताम्बर तिमिल्सीना (काठमाडौं), (२) राजेश गुरुङ्ग (कास्की), (३) इन्दिरा निरौला (ओखलढुंगा) लाई सोही ऐनको दफा ६ को उपदफा (१) बमोजिमको पदावधि रहने गरी मनोनीत गर्ने ।

४०. रक्षा मन्त्रालय— जग्गा प्राप्ती ऐन, २०३४ को दफा ४ बमोजीम लमजुङ्ग जिल्लामा तैनाथ श्रीजंग गणको लागी आवश्यक वेशीसहर न.पा वडा नं.२ (साविक गाउ शहर वडा नं.८) स्थित श्रीस्वाराको करिव तीन सय र वगाले गाउँको करिव चार सय रोपनी गरी जम्मा सात सय रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने ।

४१. रक्षा मन्त्रालय - मिति २०७५।०८।१८ गतेदेखि ऐ.२४ गते (तदनुसार ०४ - १० डिसेम्बर, २०१८) सम्म मित्रराष्ट्र युक्रेनमा संचालन हुने MI -१७ Simulator/Ground Refresher तालिममा नेपाली सेनाका पाईलट उपरथी सुधिर श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिने ।

४२. रक्षा मन्त्रालय —नेपाली सेनाका सहायक रथी कृष्ण बहादुर गुरूङ्गको राजीनामा स्वीकृत गर्ने।

४३. रक्षा मन्त्रालय- महासेनानी होमनाथ दवाडी समेत ४ जना महासेनानीहरूलाई सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा सहायक रथी डा. सुनिल कुमार सिंह समेत ८ जना सहायक रथीहरूलाई सरूवा गर्ने ।

४४. रक्षा मन्त्रालय —महासेनानी भवगान खत्रीलाई मानार्थ सहायक रथी दर्जामा बढुवा गर्ने ।

४५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यक्रम कार्यान्वयन ईकाईका लागि आवश्यक राजपत्रांकित स्तरका ५ वटा पद र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका लागि कम्प्यूटर ईन्जिनियर पद-१ (रा.प.तृतीय श्रेणी, विविध) पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

४६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - वि.सं. २०७५ कार्तिक २९ र ३० गते कोलम्वो प्रोसेसको उच्च अधिकारीस्तरीय वैठक र मन्त्रिस्तरीय परामर्श वैठक काठमाडौंमा आयोजना गर्न स्वीकृति दिने |

४७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालित आयोजनाहरुको लागि २०७५ श्रावण देखि २०७६ असार मसान्त सम्मका लागि १३ राजपत्राङ्कित पदहरुको अस्थायी दरवन्दी सिर्जना गर्न स्वीकृति दिने ।

४८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-कर्मचारी समायोजन विषयको व्यवस्था गर्न बनेको अध्यादेश, २०७५ मा श्री लोक सेवा आयोगको परामर्श माग गर्ने ।

४९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय-योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ स्वीकृत गर्ने ।

द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

सम्बत् २०७५ साल कार्तिक ११ गते आइतबारका दिन १५:०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ -

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालय– नेपाल सरकार र कतार सरकारवीच कृषि र खाद्य सुरक्षाका क्षेत्रमा हुने द्विपक्षीय समझदारीपत्रमा समकक्षि मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने ।

२. गृह मन्त्रालय- माननीय गृहमन्त्री रामबहादुर थापा सहित ५ सदस्यीय प्रतिनिधिमण्डलको मनोनयन स्वीकृति विषयको गृह मन्त्रालयको प्रस्ताव फिर्ता गर्ने ।

३. गृह मन्त्रालयको - Letter of Intent on Security Cooperation between the State of Qatar and The Government of Nepal सम्बन्धी मस्यौदामा हस्ताक्षर गर्न प्रहरी महानिरिक्षकलाई स्वीकृति प्रदान गर्ने ।

४. गृह मन्त्रालय - प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा कायम गर्ने सम्बन्धी कार्यकारी आदेश, २०७५ स्वीकृत गर्ने ।

५. गृह मन्त्रालयको -12th International Exhibition of Internal Security Milipol मा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई सहभागी हुन स्वीकृती प्रदान गर्ने ।

६. परराष्ट्र मन्त्रालय- पेरिस पिस फोरम तथा नेपाल-बेलायत द्विपक्षीय परामर्श संयन्त्रको चौथो बैठकमा भाग लिन परराष्ट्र सचिवलाई स्वीकृति प्रदान गर्ने ।

७. परराष्ट्र मन्त्रालय- सम्माननीय राष्ट्रपतिज्यूको कतार भ्रमण स्वीकृत गर्ने ।

८. परराष्ट्र मन्त्रालय- नेपाल सरकार र कतार सरकारवीच कूटनीतिक राहदानीवाहकहरूलाई एक अर्को मुलुकमा भ्रमण गर्दा प्रवेशाज्ञा छुट दिने सम्झौतामा समकक्षी मिलाइ हस्ताक्षर गर्न माननीय परराष्ट्रमन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।

९. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय- नेपाल सरकार र मलेसिया सरकारबीच हुने श्रम समझदारीपत्र (MoU) स्वीकृत गरी नेपालको तर्फबाट हस्ताक्षर गर्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलाई अख्तियारी प्रदान गर्ने ।

१०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय-सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन निर्देशिका, २०७५ नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागू हुने मिति तोक्ने ।

११. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय- ITU Plenipotentiary Conference (PP-18) मा भाग लिन माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटालाई स्वीकृति प्रदान गर्ने ।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय– India Mobile Congress, 2018 मा सहभागी हुन माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटा लाई स्वीकृति दिने ।

१३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय- नेपाल सरकार र कतार सरकारबीच हुने प्रेस तथा सूचनाको क्षेत्रमा आपसी सहयोग सम्बन्धी समझदारीपत्र स्वीकृत गरी समकक्षि मिलाइ हस्ताक्षर गर्ने अख्तियारी परराष्ट्र मन्त्रालयलाई प्रदान गर्ने ।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- नेपाल सरकार र कतार सरकारबीच स्वास्थ्य क्षेत्रमा आपसी सहकार्य गर्ने सम्बन्धी समझदारी पत्रमा समकक्षि मिलाइ हस्ताक्षर गर्ने अधिकार परराष्ट्र मन्त्रालयलाई प्रदान गर्ने ।

१५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय —गोरखापत्र संस्थानका महाप्रबन्धक बसन्तप्रकाश उपाध्यायलाई महाप्रबन्धक पदमा राखी रहन उपयुक्त नदेखिएको हुदा गोरखापत्र संस्थान ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम संस्थानको महाप्रबन्धक पदबाट हटाउने ।

द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।